"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : ०८१/८२
चलानी नं. : ४०१४

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
मितिः २०८२/०३/३०
ने सं ११४५ दिल्लागा चतुर्थी

श्री वडा कार्यालय सबै,
पाँचखाल नगरपालिका ।

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. २०८१/८२ च.नं ३३८(पं) मिति २०८२/०३/३० गतेको पत्र अनुसार यस पाँचखाल नगरपालिका अन्तर्गत सबै १३ वटै वडामा सामाजिक सुरक्षा भत्ता प्राप्त गरी रहनु भएका सम्पुर्ण लाभग्राहीहरुले आ.व २०८२/०८३ मा नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि लाभग्राहीहरु स्वयम उपस्थित भई यहि मिति २०८२ साल साउन ०१ गते देखि ऐ.साल भदौ मसान्त भित्र अनिवार्य रुपले सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउने व्यवस्था मिलाउन हुन अनुरोध छ । विभागबाट प्राप्त पत्रको छायाकपी यसै पत्र साथ संलग्न गरिएको छ ।

२०८२/३/३०

..............................
पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**पुरुषोत्तम सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ,

१. सुचना अधिकारी, जानकारीको लागि ।
२. सुचना प्रविधि अधिकृत, सुचना वेभसाइट तथा फेसवुक पेजमा राखिदिनुहुन ।

...खोल नगरकार्यपालिकाको कार्यालय
... मिति: २०८२।३।३०
... ६६५०
... को हस्ताक्षर: ...

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(सामाजिक सुरक्षा शाखा)

फोन : ४४६११९६१, ४४६४६८६, ४४६३०४६, ४२००८९४
फ्याक्स : ४२०००१४
सिंहदरबार, काठमाडौं
Website: www.donidcr.gov.np
E-mail: info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०८०/०८१
चलानी नं. ३३९

मिति: २०८२/०३/३०
ने.सं. ११४५

विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) वमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि ऐ. भाद्र मसान्त सम्म दुई महिना) सम्वन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ ।सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहाय:

क. राष्ट्रिय परिचयपत्र वा परिचय नम्वर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाईस मार्फत Verification गरी सम्वन्धित वडा कार्यालयवाट नवीकरण गरिदिने ।यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) वाट Verification गरी नवीकरण तथा सूचीकरण गरिदिने ।

ख. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलव्ध गराएको तर कुनै पनि माध्यमवाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।

ग. वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नव्वे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।

घ. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ वमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही वमोजिम गरिदिने ।

ङ. आर्थिक वर्ष ०८२/८३ को वजेट वक्तव्यको बुँदा नं ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही वमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने । हाल प्राप्त गरीरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही वमोजिम नवीकरण गरिदिने ।

(सानुबाबु अधिकारी)
निर्देशक

Scanned with CamScanner